सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ८ ♦ अंक ३४१ ♦ २०८२ साल साउन १० गते शनिवार ♦ 26 July 2025 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

# प्रधानमन्त्री ओली द्वारा मटिहानीमा दुईवटा महत्वपूर्ण पूर्वाधार आयोजनाको उदघाटन

## मधेसमा सिँचाइ र खानेपानीको लागि तत्काल पाँच सय वटा ‘डीप बोरिङ’ जडान गरिने घोषणा







**धर्वेन्द्रकुमार यादव 'यदुवंशी'**

**साउन ९ गते, बर्दिवास**

प्रधानमन्त्री केपी शर्मा ओली आज महोत्तरीको मटिहानी नगर पालिकामा दुईवटा महत्वपूर्ण पूर्वाधार आयोजनाको समुद्घाटन गर्नु भएको छ।

शुक्रबार दिउँसो साढे १२ बजे महोत्तरीको मटिहानी आइपुग्नुभएको प्रधानमन्त्री ओलीले बिग्ही नदीमा निर्माण गरिएको पुलको शिला अनावरण तथा रिबन काटेर पुलको उद्घाटन गर्नुभएको हो ।

मटिहानीलाई जनकपुरसँग जोड्ने सडकको रुपमा रहेको सो पुल निर्माणले सीमावर्ती भारतीय क्षेत्रबाट जनकपुर जाने सानो मार्ग बनाएको छ ।

कालिका कन्सट्रक्सन प्रा.लि.भरतपुर चितवनले ७ करोड ५७ लाख ८० हजार २८३ रुपियाँमा निर्माण गरिएको सो पुल ५० मिटरको छ । बिग्ही पुलमा यो भन्दा अगाडि रहेको पुल सानो तथा साँघुरो रहेकोले आवतजावतमा समस्या हुँदै आएको थियो ।

काठमाडौंबाट हेलिकप्टरमा आउनुभएका प्रधानमन्त्री मटिहानीको जलसागरबाट सिधै पुलको उद्घाटनपश्चात् पुलको निरीक्षण गर्नुभएको थियो ।

त्यसैगरी मटिहानी नगरपालिका-६ मा निर्माण सम्पन्न भएको प्रसूति गृह भवनको औपचारिक उद्घाटन समेत प्रधानमन्त्री ओलीले गर्नुभएको छ। एक करोड अठासी हजार रुपियाँको लागतमा श्री कालिका कन्सट्रक्सन प्रा.लि.भरतपुर चितवनले ठेक्का पाएको सो भवन २०८१ माघमा निर्माण सम्पन्न भएको जनाइएको छ ।

मटिहानी नगरपालिका वडा ६ को जरलहवा गाछीभन्दा दक्षिणमा निर्माण गरिएको सो पाँच शैयाको प्रसुति गृहको उद्घाटनसँगै यसक्षेत्रका प्रसुति हुने महिलाहरु लाभान्वित हुने जनाइएको छ ।

मटिहानी नगरपालिकाका नगर प्रमुख हरिप्रसाद मण्डलले मटिहानी नगरपालिकामा बजेट अभावमा ५० शैयाको अस्पताल बनाउन नसकिएको बताउनुहुँदै पाँच शैयाको प्रसुति गृह निर्माणबाट आमा र बच्चा दुवैको स्वास्थ्य बचाउन सकिने बताउनुभयो ।

नवनिर्मित प्रसुतिगृहमा अपरेशन कोठा, एनआइसी कोठा, डिलेभरी कोठा, वेटिँग रुम, ओपिडी कोठा, फार्मेसी कोठा, नर्सिग कोठा, शौचालय, सोधपुछ लगायतका सुविधा सम्पन्न कोठाहरु रहेका छन् । मटिहानीबासीहरुले प्रसुति गृह निर्माणसँगै शल्यक्रिया, नवजात शिशुहरुको लागी राम्रो हुने जनाएका छन् ।

प्रधानमन्त्रीको आगमनलाई मध्यनजर गर्दै स्थानीय प्रशासन, सुरक्षा निकाय र नगरपालिकाले कार्यक्रमस्थलमा सुरक्षा व्यवस्था कडा पारेको छ भने स्थानीय बासिन्दामा उत्साह देखा परेको छ।

मटिहानी नगर प्रमुख मण्डलले मटिहानीको विकासका लागि यस्ता पूर्वाधार परियोजनाहरू महत्वपूर्ण हुने विश्वास व्यक्त गर्दै प्रधानमन्त्रीको आगमनले थप योजना कार्यान्वयनमा प्रेरणा दिने बताउनुभयो ।

उद्घाटनको अवसरमा महोत्तरी क्षेत्र नं. ३ का प्रतिनिधिसभा सदस्य तथा लोकतान्त्रिक समाजवादी पार्टीका केन्द्रीय अध्यक्ष महन्थ ठाकुर, श्रम तथा रोजगारमन्त्री शरतसिंह भण्डारी, मधेश प्रदेशका प्रदेश प्रमुख सावित्री भण्डारी, मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंह, भौतिक पूर्वाधार मन्त्री सरोज कुमार यादव, शिक्षा तथा संस्कृति मन्त्री रानी शर्मा तिवारी लगायतका उपस्थिती रहेको थियो ।

## पाँच सय वटा ‘डीप बोरिङ’ जडान गरिने

प्रधानमन्त्री केपी शर्मा ओलीले मधेश प्रदेशमा सिँचाइ र खानेपानीको समस्या समाधान गर्न तत्काल पाँच सय वटा ‘डीप बोरिङ’ जडान गरिने घोषणा गर्नुभएको छ।

बुधवार महोत्तरीको मटिहानी नगरपालिका-८ स्थित विग्ही नदीमाथिको पुल तथा वडा नं. ६ मा निर्मित प्रसूति गृहको उद्घाटन कार्यक्रममा बोल्दै प्रधानमन्त्री ओलीले मधेशका विभिन्न क्षेत्रमा वर्षाको अभावका कारण देखिएको पानीको संकट समाधान गर्न सरकारले तत्काल पहल सुरु गर्ने बताउनुभयो।

खानेपानी अभाव, सिँचाइ अभाव तथा सुक्खाग्रस्त भएको कारणले नै मधेशलाई मन्त्रिपरिषदको बैठकबाट सङ्कटग्रस्त घोषणा गरिएको बताउनुहुँदै उहाँले सङ्कटग्रस्त घोषणाले मात्रै केही नहुने भएकोले हामीले तत्कालका लागि केही उपाय अवलम्बन गर्ने जानकारी दिनुभयो । अहिले तत्कालका लागि अरु विभिन्न कामहरुमध्ये पाँच सय डिप बोरिङ जडान गरिने बताउनुहुँदै एउटाबाट ६० बिघा जमिन सिँचाइ गर्न सकिने बताउनुभयो । यसबाट तत्कालको लागि केहीहदसम्म सिँचाइको समस्या कम हुने ठम्याइ प्रधानमन्त्री ओलीको थियो ।


दीर्घकालीन रुपमा सुक्खाग्रस्तबाट मधेशलाई बचाउन चुरेदेखि लिएर चुरेमा पानीको रिजर्वहरु बनाउने, तालतलैया बनाउने, पोखरी बनाउने जसबाट रिचार्ज सिस्टममा जमिनको सतहबाट

बाँकी पृष्ठ २ मा

शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

✓पत्रिका
✓क्यालेण्डर
✓रजिष्टर, डाइरी
✓किताब
✓परीक्षा कपी
✓पर्चा पम्पलेट
✓बिल, भाउचर,



✓स्क्रिन प्रिन्ट
✓विवाह कार्ड
✓प्रमाण पत्र
✓भिजिटिङ्ग कार्ड
✓झोला प्रिन्ट
✓रबर स्टाम्प



✓फ्लेक्स प्रिन्ट
✓ब्यानर प्रिन्ट
✓होर्डिङ्ग बोर्ड
✓स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# प्रधानमन्त्री आज मधेश गए, प्रथम राष्ट्रपतिले १४ वर्षअघि चेतावनी दिएका थिए

खबर दर्पण समाचारदाता
साउन ९ गते, बर्दिवास

प्रथम राष्ट्रपति डा. रामवरण यादव लामा राजनीतिक बहसमा रुचि राख्दैनथे, तर तिनले संक्रमणकालीन नेपालमा भावनात्मक एकताको कडी बन्ने प्रयास अक्सर गरिरहे । तिनै यादवले नेपालका हिमाल, पहाड र तराई मधेश गरी तीनै भेग जोड्ने, तिनलाई एक-अर्को भेगका नागरिकको समृद्धिको कडी बनाउने उपाय के-के हुन सक्छन् भनी चिन्तन गरिरहन्थे ।

यादव पहाडका सांसदलाई तराई-मधेश घुम्न प्रेरित गर्थे, अनि मधेशी सांसदलाई हिमाल पहाड घुम्न । यस्तै क्रममा उनले मधेशको अन्नभण्डार, अनि त्यहाँ उत्पन्न भइरहेको सिँचाइ लगायत संकटमा कसरी चुरे क्षेत्र, अनि पहाडी भूभागमा भइरहेको अनियन्त्रित दोहन जिम्मेवार छ भनी बहस गर्थे ।

यादव हामीसँग भन्थे, 'मेरो धनुषा सपहीको घरमा पहिले ३०-३५ फिट जमिन खन्दा पानी आउँथ्यो, अहिले ३ सय फिट खन्दा पनि आउँदैन । यसले संकट कसरी आउँदैछ भन्ने सजिलो गरी बुझाउँदैन र ?'

यादवले राष्ट्रपति चुरे संरक्षण कार्यक्रम सुरुवात गराए । सरकारलाई चुरे जोगाउनका लागि कार्यक्रमहरू ल्याउन, बजेट छुट्याउन सल्लाह दिइरहे ।

अहिले मधेशमा सुक्खा उत्कर्षमा छ । खानेपानी जस्तो आधारभूत आवश्यकता पूर्तिमै संकट सुरु भयो । नेपालको अनाज भण्डारमा जुन स्तरको उत्पादन हाहाकार देखा परेको छ, यसले मधेश प्रदेश सरकार अनि संघीय सरकारलाई बल्ल ध्यानाकर्षण गराएको छ ।

प्रधानमन्त्री केपी शर्मा ओली आज शुक्रबार मधेशका बारा, महोत्तरीतर्फ गएका छन् । उनले कतिपय औपचारिक कार्यक्रमहरूका बीच त्यहाँको सुक्खा लगायत विपद् अवलोकन गरेका छन् । महोत्तरीमा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले सुक्खाग्रस्त मधेशमा तत्कालीन समस्या समाधान गर्न ५ सय डिप बोरिङ जडान गर्ने घोषणा गरे । एउटा डिप बोरिडबाट ६० बिघा क्षेत्रफल सिँचाइ गर्न सकिने उनले बताए ।

ओलीको मधेश यात्राले हामीलाई प्रथम राष्ट्रपति यादवले डेढ दशक पुरानो चेतावनी सम्झना दिलाएको छ ।

सुक्खाग्रस्त घोषित मधेशी जिल्लाहरूले केवल तराई भूभाग होइन, सिंगै नेपाललाई प्रभावित गरेका छन् । जथाभावी वन फँडानी, बाटो निर्माणका कारण धेरै ठाउँ भूक्षय भयो । ठाउँ-ठाउँमा आरीघोप्टे वर्षा जस्ता जलवायु सिर्जित समस्याहरू उत्पन्न भए । यस्ता प्रश्नलाई पढालेखा सुकिला मानिसहरूको बहस भनेर नीति निर्माण तहकै व्यक्ति, अनि राजनीतिक वर्गले अनदेखा गर्दै आयो ।

अझ विकास र समृद्धि यात्राका तगारा भनेर अर्थ्याउन समेत खोजियो । यथार्थमा अहिले तराई-मधेशले भोगिरहेको समस्या केवल माटो र बालीको संकट नभई राष्ट्रिय-अन्तर्राष्ट्रिय दुवै आयामको मानव सिर्जित समस्या समेत हो । किसानलाई मल पाउनै महाभारत थियो । जेनतेन अन्न उब्जाउन सकस पर्दै थियो । अब उनीहरूको रोजीरोटीमै प्रहार भएको छ । अनि स्वदेशको उब्जाउ अनाज खाने सबै भेगका नेपालीको चाहनामा पनि संकट सुरु भएको छ । मधेशबाट सुरु भएको यो सुक्खा संकट अन्य भेगतिर सर्दो छ ।

विश्वभरिको जलवायु संकटसँग यो जति सम्बन्धित छ, विगतमा हामीले चुरेको अनियन्त्रित दोहन, अनि स्वयं मधेशको बालीबिरुवा, पोखरी संरक्षण, जलचर थलचरको जीवनबारे गरेको लापरबाही एकमुष्ट रूपमा आएको छ ।

गत २६ असारमा मधेश सरकारले घोषणा गरेको सुक्खा क्षेत्र घोषणा, लगत्तै संघ, प्रदेश तथा पालिका तहका सरकारले देखाएको तदारुकता ढिलो भए पनि उल्लेखनीय छ । प्रधानमन्त्री ओलीको अवलोकनसँगै अब राष्ट्रिय गौरवको आयोजना मानिएको सुनकोशी मरिण डाइभर्सन, अनि थुप्रै साना ठूला आयोजनामार्फत् कसरी सिँचाइ हुन्छ । जसरी प्रथम राष्ट्रपति यादवले स्मरण गराएझैं विगतमा ३५ फिटजति माटो खन्दा सहजै पाइने पानी अहिले २ सय फिटभन्दा तलसम्म खन्दा पनि उपलब्ध छैन, यसले भविष्यको कस्तो भयावह चित्र पेस गर्छ जस्ता विषयमा हाम्रो ध्यान जानुपर्छ ।

र, अब चाहिएको छ नीति निर्माणमा हस्तक्षेप । यसका लागि तात्कालीक र दीर्घकालीन दुवै खाले पहल चाहिन्छ ।

सुरुमा त किसानको मर्कालाई तत्कालै कसरी सम्बोधन गर्ने भन्नेबारे



आपतकालीन योजना चाहिन्छ । यसमा संघ, प्रदेश र पालिकाले सहकार्य गर्न सक्छन् । बिजुली आपूर्तिमा भएका ठूला कमजोरीले दिनहुँजसो सर्वसाधारणको ज्यान गइरहेको भयावह दृश्यलाई कसरी रोक्ने भन्ने जस्ता तत्कालै गर्न सकिने योजना बनाएर कार्यान्वयन गरिहाल्नुपर्छ । सिँचाइको आपूर्तिदेखि उद्योग सञ्चालनसम्मका कार्यक्रममा व्यवस्थित योजना चाहिन्छ । यस्तो योजना कार्यान्वयनमा ढिलाइ गरिए मधेशका किसानको संकट बढ्दै गएर राष्ट्रिय राजनीतिक संकटमा परिणत हुन पनि सक्छ ।

त्यसपछि चाहिएको छ दीर्घकालीन योजना र पहल । प्रथम राष्ट्रपति यादवले भनेझैं चुरे बचाउने अभियानदेखि वर्षौंपिच्छे सरकारले प्रत्यक्ष वा परोक्ष रूपमा ल्याउने प्रकृति दोहनका कार्यक्रमलाई अब निर्मम भएर रोक लगाउनै पर्छ । विकास आयोजनाहरू ल्याउँदा भरपर्दो वातावरणीय अध्ययन जरुरी छ ।

सरकार र यस अन्तर्गतका सबै निकायहरूले मधेशको सुक्खापनलाई जलवायु सिर्जित संकटका रूपमा अध्ययन गर्न ढिलाइ नगरुन् । कृषि, उद्योग, विज्ञान प्रविधि लगायत मन्त्रालयहरू, विभिन्न विभाग र विश्वविद्यालय लगायत थिंकट्यांक यसै बेला परिचालित हुनुपर्छ ।

प्रधानमन्त्री ओलीकै चासो गएका कारण त्यसले कसरी कार्यान्वयन तहसम्म विकास हुन्छ भन्नेतर्फ आम चासो हुनेछ । नत्र यो पनि केवल अवलोकनका नाममा अर्को एउटा रमितामा सीमित हुने पो हो कि, हेर्न बाँकी छ ।-अनलाइन खबर

## पाँच सय वटा 'डीप बोरिङ' ...

पानी तल नजाने कुराका लागि अनुकूल वातावरणतर्फ फर्काउने काम हामीले गर्ने उहाँले आश्वासन दिनुभयो । उहाँले मधेशलाई सुक्खाग्रस्तबाट बचाउन सरकारका सबै अंग र निकायका साथसाथै गैरसरकारी सङ्घसस्थालाई समेत साथ र सहयोगको लागि आग्रह गर्नुभयो ।

उहाँले हेलिकप्टरमार्फत तराई-मधेशको अवलोकनका क्रममा धेरै जमिन सुक्खा भेटिएको उल्लेख गर्दै मधेशका आठवटै जिल्लामा सिँचाइ तथा खानेपानीको व्यवस्था गर्न सरोकारवाला निकायसँग छलफल र समन्वय गरेर समस्या जतिसक्दो चाँडो समाधान गरिने प्रतिवद्धता व्यक्त गर्नुभयो।

"सप्तरी जिल्ला कोशी नदीसँग जोडिएको हुँदा त्यहाँको अवस्था तुलनात्मक रूपमा राम्रो देखिन्छ," प्रधानमन्त्रीले भन्नुभयो, "तर बाँकी सात जिल्लामा पानीको गम्भीर समस्या देखिएको छ। यसलाई समाधान गर्न सरकारले आवश्यक तयारी गरिसकेको छ।

## देश विकासको गतिमा अघि बढिरहेको ....

माटोको भूपरीक्षण गर्ने बेला उपयुक्त ढङ्गले गर्नुपर्ने हुन्थ्यो । सो नहुँदा त्यहाँको पुल भासिन गयो ।"

प्रधानमन्त्री ओलीले विगतका कमी कमजोरीबाट सिकेर आगामी दिनमा पुल र सडक बनाउँदा सावधानी अपनाउनका लागि सम्बन्धित निकायलाई निर्देशन दिनुभयो । "विगतमा माटो परीक्षण र पुलको डिजाइन उपयुक्त ढङ्गले हुनुपर्ने हुन्थ्यो । सो हुन नसक्दा जनताले दुःख र सास्ती पाउन परिरहेको छ। सो नहुँदा सो समस्या आएको छ", उहाँले भन्नुभयो, "आगामी दिनमा इन्जिनियर र ठेकेदार दुवै विशेष ध्यान दिन जरुरी छ ।" प्रधानमन्त्री ओलीले हुलाकी राजमार्ग कुनै ठाउँमा निकुञ्जको कारणले पनि निर्माणको काम अधुरै रहेको बताउनुभयो ।

प्रधानमन्त्री ओलीले फरक प्रसङ्गमा सरकारले बारालाई माछा पालनको सुपरजोन क्षेत्रमा घोषणा गरे पनि यहाँको कृषकहरूको आम्दानीमा बढोत्तरी भएको बताउनुभयो । "बारालाई माछापालनको सुपर जोनको रूपमा घोषणा गरेपछि यहाँका कृषकको आम्दानी दुई गुणा होइन् चार गुणाभन्दा धेरै बढ्नुपर्छ भन्नेतर्फ ध्यान दिइ रहेका छौं" उहाँले भन्नुभयो, "अब आधुनिक ढङ्गले माछाको पालना गर्नुपर्ने हुन्छ । अहिले झण्डै नेपालमा आवश्यकता पर्ने माछाको परिपूर्ति गर्ने अवस्थामा आइपुगेका छौं ।"

प्रधानमन्त्री ओलीले सरकारले विभिन्न ठाउँमा भएको उत्पादन अनुसारको सुपरजोन घोषणा गर्दै आइरहेको बताउनुभयो। उहाँले भन्नुभयो, "हामीले कृषिलाई आधुनिकतातर्फ लग्दै आइरहेका छौं। पछिल्लो १० वर्षमा कृषिमा आधुनिकरण ह्वातै बढेको छ । अहिले कतै केराको सुपरजोस, कतै धान, मकै, गहुँको सुपरजोन, कतै आलुको सुपरजोन भइरहेका छन् । त्यति मात्रै होइन, कतै कतै त सुपारीको समेत सुपर जोन भइरहेका छन् ।"

प्रधानमन्त्री ओलीले सरकारले सुपरजोन घोषणा गरेर स्थानीय उत्पादनको बजारीकरण गर्दै आइरहेको पनि दावी गर्नुभयो । "देशमा केही भएको छैन भन्ने होइन । यहाँ धेरै कुरा भएका छन्", उहाँले भन्नुभयो, "हामीले गर्न खोजेजति भएको छैन। अझै धेरै गर्नुपर्ने छ । विकासको गतिको रफ्तारलाई अझै बढाउनुपर्ने छ ।"

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाभिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# ‘अब सुक्खा क्षेत्रमा हुने बालीबारे अनुसन्धान हुनुपर्छ, वैकल्पिक बालीबारे सोच्नुपर्छ’

**खबर दर्पण समाचारदाता**

**साउन ९ गते, बर्दिवास**

नेपालको अन्न भण्डारका रूपमा चिनिने मधेश प्रदेशलगायतका क्षेत्रमा यस वर्ष मनसुन प्रतिकूल हुँदा धान रोपाइँ गम्भीर रूपमा प्रभावित भएको छ। मधेश प्रदेश सरकारको सिफारिसमा संघको मन्त्रिपरिषद्ले उक्त प्रदेशलाई तीन महिनाका विपद् संकटग्रस्त क्षेत्र घोषणा गरिसकेको छ ।

यता सरोकारवालहरूले धान उत्पादनमा नै ह्रास आउन सक्ने भन्दै चिन्ता जनाएका छन् । मधेश प्रदेशअन्तर्गत भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका अनुसार हालसम्म मधेश प्रदेशमा जम्मा ४७ प्रतिशतमात्र रोपाइँ सम्पन्न भएको छ ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयअन्तर्गत कृषि विभागका अनुसार गत वर्ष यही समयमा मधेशमा करिब ८० दशमलव ६ प्रतिशत रोपाइँ सम्पन्न भइसकेको थियो ।

मधेश प्रदेशमा तीन लाख ७२ हजार ६४५ हेक्टरमा रोपाइँ हुने गर्छ । विभागका अनुसार साउन ४ गतेसम्म मुलुकभर ७२ दशमलव १४ प्रतिशत रोपाइँ भएको छ। गत वर्ष सोही अवधिमा ८४ दशमलव छ प्रतिशत रोपाइँ सम्पन्न भइसकेको थियो ।

मधेश प्रदेशअन्तर्गत भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका प्रवक्ता डा. सरोज चौधरीले वर्षा हुन नसक्दा धानको बीउ डढ्न थालेको, भइसकेको रोपाइँसमेत सिँचाइ नपाएर सुक्न थालेको बताए। ‘अहिले मधेशका फाँट हेर्दा सुक्खा देखिन्छन्, वर्षा नहुँदा आधा प्रतिशत पनि रोपाइँ सकिएको छैन’, उनले भने, ‘सुक्खाको समस्या कसरी सम्बोधन गर्न सकिन्छ भनेर प्रयास गरिरहेका छौं ।’

राष्ट्रिय धान अनुसन्धान कार्यक्रमका संयोजक डा. मथुरा यादवले साउनको २०-२२ गतेसम्म पनि राम्रो वर्षा हुन नसकेको खण्डमा उत्पादनमा १५ देखि २० प्रतिशत ह्रास आउने बताए। ‘उत्पादन बढाउन समयमा नै रोपाइँ सम्पन्न गर्नुपर्छ, रोपाइँ सम्पन्न भएपछि पनि समय समयमा धानले सिँचाइ पाउनुपर्छ’, उनी भन्छन्, ‘तर नेपालका अधिकांश स्थानमा आकाशकै पानीको भरमा सिञ्चित गर्नुपर्ने अवस्था छ, आवश्यक परेका बेला वर्षा भएको छैन । मधेशको अवस्था हेर्दा अब नै धान उत्पादन घट्ने देखिन्छ, अझै वर्षा भएन भने उत्पादनमा बढी ह्रास आउन सक्छ ।’

बालीविद् डा. डिल्लीराम शर्माले पनि मधेश क्षेत्र धान उत्पादनको हब नै रहेको भन्दै मधेशमा सुक्खाका कारण धानको उत्पादनमा असर पर्ने सम्भावना रहेको बताए। ‘धानको बीउ सुकिसकेको छ। रोप्न नपाएपछि अनि बीउ छिप्पिँदै जान्छ र छिप्पिएको बीउ रोप्दा पनि उत्पादनमा कमी आउँछ । रोपेरमात्र पनि भएन सिँचाइको राम्रो सुविधा आवश्यक पर्छ’, उनले भने, ‘भविष्यमा पनि यस्तै समस्या आउन सक्छ। तसर्थ सुक्खा क्षेत्रमा लगाउन सकिने बालीबारे अनुसन्धान गर्नुपर्छ र अब वैकल्पिक बाली बारे सोच्नुपर्छ ।’

## मनसुनी वायु कमजोर हुँदा कम वर्षा

जल तथा मौसम विज्ञान विभागअन्तर्गत हावापानी विज्ञान महाशाखा (हावापानी विश्लेषण शाखा)को तथ्यांक अनुसार मनसुन अवधिमा मुलुकभर एक हजार ४०० मिलीमिटर सरदर वर्षा हुने गरेकामा हालसम्म करिब पाँच सय मिलीमिटर अर्थात् मनसुन अवधिमा हुने वर्षाको ३४ दशमलव ९ प्रतिशत वर्षा भएको छ ।

विभागले उपलब्ध गराएको जनकपुर, सिमरा, विराटनगर, पोखारा लगायतका वर्षा मापन केन्द्रको तथ्यांक हेर्दा यी मापन केन्द्रमा औसतभन्दा कम वर्षा भएको छ। ‘जनकपुरमा मनसुन सुरू भएयता २० प्रतिशत वर्षा भएको छ। जनकपुरमा मनसुन अवधिमा औसत एक हजार १०० मिलीमिटर वर्षा हुने गर्छ’, शाखाले उपलब्ध गराएको तथ्यांकमा उल्लेख छ ।

जल तथा मौसम विज्ञान विभागअन्तर्गत मौसम पूर्वानुमान महाशाखाका मौसमविद् डेबिड ढकालले मनसुनी वायु कमजोर हुँदा मधेश प्रदेशलगायत मुलुकका विभिन्न स्थानमा वर्षा कम भइरहेको दिए ।

उनले भने, ‘मधेश क्षेत्रमा पानी नै नपरेको त होइन । कतै भारीदेखि अतिभारी वर्षा पनि भएको छ। कतै वर्षा नै भएको छैन। अनि अतिभारी नै वर्षा भए पनि धेरैबेर वर्षा भएको छैन।’ ‘आगामी तीन दिनको मौसम पूर्वानुमान गर्दा कोशीका पहाड र तराई, मधेश प्रदेशका एक-दुई स्थानमा भारी वर्षाको सम्भावना छ। तर थोरै समय पानी पर्दा कृषिमा राहत भने नपुग्न सक्छ। अर्को साता भने राम्रो वर्षा हुने अनुमान छ। तर कहिलेकाहीं मौसमी प्रणाली परिवर्तन भइदिएर फरक पर्न सक्छ,’ मौसमविद ढकालले भने ।

## आकासे पानीकै भरमा मधेशमा ५१ प्रतिशत रोपाइँ

जलस्रोत तथा सिँचाइ विभागको तथ्यांकअनुसार करिब २५ लाख ३० हजार हेक्टर सिँचाइयोग्य जमिनमध्ये हालसम्म करिब १५ लाख हेक्टरमा सिँचाइ सुविधा उपलब्ध गराउनेगरी सिँचाइको संरचना निर्माण गरिएको छ। तर करिब एकतिहाइ भूमिमा मात्र वर्षभरि सिँचाइ सुविधा उपलब्ध हुन सकेको छ ।

मधेश प्रदेशअन्तर्गत भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका प्रवक्ता डा. चौधरीले मधेश प्रदेशको कुल खेतीयोग्य जमिनको ४९ प्रतिशत जग्गामा मात्र सिँचाइ सुविधा रहेको जानकारी दिए। उनका अनुसार सिँचाइको मुख्य स्रोत नदी, तलाउ, बाँध, नहर, स्यालो ट्यूबवेल र डिपबोरिङ रहेको छ ।

‘तर अहिले भएका कतिपय नहरबाट पनि पानी पाउँदैन। अन्नको मुख्य भण्डार रहेको मधेश प्रदेशमा सिँचाइ आयोजनालाई प्राथमिकता नदिए आगामी दिनमा यस्तै समस्या भोग्नुपर्छ,’ उनले भने, ‘अधिकांश किसान आकाशबाट पानी कहिले पर्ला अनि रोपाइँ गरौँला भनेर बस्नुपर्ने बाध्यता छ ।’

कृषि तथा पशुपन्छी डायरी, २०८१ अनुसार हाल कृषि क्षेत्रले राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनको २४.१ प्रतिशत योगदान पुर्याउनुको साथै ५०.४ प्रतिशत जनसंख्यालाई रोजगारी प्रदान गर्दै आएको छ। मधेश प्रदेशमा नेपालमा खेती गरिने कुल जग्गाको १६.२५ प्रतिशत जग्गामा खेती हुने गरेको मन्त्रालयको तथ्यांकमा उल्लेख छ ।

यस प्रदेशमा जम्मा पाँच लाख ४२ हजार ५८० हेक्टर क्षेत्रफल खेतीयोग्य जमिने छ भने जम्मा पाँच लाख दुई हजार २२४ हेक्टर क्षेत्रफलमा खेती हुने गरेको छ। जसमध्ये कुल तीन लाख ६२ हजार ३४४ हेक्टर जग्गामा बर्खे धानको खेती र २० हजार ८३९ हेक्टर जग्गामा चैते धानको खेती हुने गरेको छ ।

बर्खे धानको उत्पादन एक लाख २७० मेट्रिक टन छ भने उत्पादकत्व ४.८१ मेट्रिक टन प्रतिहेक्टर रहेको मन्त्रालयको तथ्यांकमा उल्लेख छ। तथ्यांकनुसार यस प्रदेशमा चैते धानको उत्पादन १२ लाख ३७ हजार ४०१ दशमलव ९ मेट्रिक टन र उत्पादकत्व ३ दशमलव ४१ मेट्रिक टन प्रतिहेक्टर छ ।

मधेश प्रदेश दोस्रो आवधिक योजना, २०८१/८२-२०८५/८६ अनुसार आव २०७९/८० मा मधेश प्रदशको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान ३५.०२ प्रतिशत छ ।

## केन्द्र र प्रदेश सरकारबाट अनुगमन

कृषि विभागका महानिर्देशक प्रकाशकुमार सञ्जेलले तराईमा सुक्खाका कारण कृषिमा देखिएको असर पत्ता लगाउन र समस्या समाधानमा के गर्न सकिन्छ भनेर अनुसन्धान गर्न मधेश प्रदेशमा अनुमगन भइरहेको जानकारी दिए । ‘सुक्खा कारण रोपाइँलाई असर गरिरहेको छ, रोपाइँ सकिए पनि सिँचाइ हुन सकिरहेको छैन। तसर्थ हामी अहिले मधेश प्रदेशमा अनुगमनमा आएका छौं’, उनले भने, ‘मधेश प्रदेशमा सुक्खाका कारण देखिएको समस्या बारे छिट्टै हामी प्रतिवेदन तयार गर्नेछौं ।’

मधेश प्रदेश सरकारले यही असार २६ गते मधेश प्रदेशलाई सुक्खा क्षेत्र घोषणा गरेपश्चात प्रदेश सरकारअन्तर्गत भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले रोपाइँ अवस्था तथा सुक्खा क्षेत्रको प्रारम्भिक स्थलगत निरीक्षणसम्बन्धी समिति बनाएको थियो ।

समितिले प्रदेशका आठवटै जिल्लामा टोली परिचालन गरी असार सम्मको अवस्थालाई मध्यनजर गर्दै प्रारम्भिक प्रतिवेदन सार्वजनिक गरेको छ ।

स्थलगत निरीक्षणको क्रममा सतही सिँचाइबाट (मुख्य नदी र त्यसका नहरबाट) सिञ्चित हुने जिल्लामध्ये सप्तरी-कोशी तथा चन्द्र नहर, रौतहट-बागमती तथा झाँज नहर, सर्लाही बागमती तथा मनुषमारा सिँचाइ, बारा र पर्सा-गण्डक नहर पाइएको थियो ।

त्यसैगरी, सिरहा र धनुषाका केही पालिकामात्र कमला नहरबाट सिञ्चित हुने र बाँकी अधिकांश पालिकाहरू भूमिगत सिँचाइबाट (स्यालो तथा डिपट्युबवेल) सिञ्चित हुने गरेको प्रतिवेदनमा उल्लेख छ ।

महोत्तरीमा रातु खोला रहेता पनि भूमिगत सिँचाइ (स्यालो तथा डिप ट्युबवेल) नै सिँचाइको मुख्य स्रोत रहेको पाइयो । सतही सिँचाइको व्यवस्थापन, मर्मत तथा निर्माण हुनुपर्ने, भूमिगत डिप ट्युबवेलहरूलाई सञ्चालनयोग्य बनाउने पहलको आवश्यकता रहेको, भूमिगत सिँचाइको गहिराइसम्बन्धी अध्ययन गराई दीर्घकालीन सिँचाइ प्रणालीको व्यस्थापन हुन जरुरी रहेको प्रतिवेदनमा उल्लेख छ ।

कृषि प्रणालिमा केही परिवर्तन गर्नुपर्ने, छरुवा विधिबाट धान रोपाइँ, सुक्खा जातका धानहरूको प्रवर्द्धन तथा प्रदर्शन, बाली लक्षित सहुलियतको व्यवस्था र राहत प्रदान गर्नुपर्ने प्रतिवेदनमा सुझाव छ ।

## गत वर्ष धान उत्पादनको अवस्था

मन्त्रालयले उपलब्ध गराएको तथ्यांकनुसार गत वर्ष ५९ लाख ५५ हजार ४७६ मेट्रिक टन धान उत्पादन भएको थियो। अघिल्लो वर्ष (२०८० साल)को तुलनामा गत वर्ष (२०८१) मा चार दशमलव ०४ प्रतिशतले धान उत्पादनमा वृद्धि भएको थियो ।

विसं २०८१ मा कोशी प्रदेशमा १४ लाख ६६ हजार ५१८ मेट्रिक टन, मधेश प्रदेशमा १४ लाख ८० हजार ८३० मेट्रिक टन, बागमती प्रदेशमा चार लाख ९८ हजार ६३२ मेट्रिक टन, गण्डकी प्रदेशमा तीन लाख ७९ हजार ३२ मेट्रिक टन, लुम्बिनी प्रदेशमा १३ लाख ६४ हजार ३१ मेट्रिक टन, कर्णाली प्रदेशमा एक लाख ३० हजार १९१ मे.टन र सुदूरपश्चिम प्रदेशमा ६ लाख ३६ हजार २१२ मेट्रिक टन धान उत्पादन भएको थियो ।

अघिल्लो वर्ष (विसं २०८०) को तुलनामा गत वर्ष (२०८१) मा उत्पादन वृद्धिदर कोशी प्रदेशमा दुई दशमलव १६ प्रतिशत, मधेश प्रदेशमा १० दशमलव ७ प्रतिशत, लुम्बिनी प्रदेशमा ४ दशमलव ०६ प्रतिशत, सुदूरपश्चिम प्रदेशमा ६ दशमलव १९ प्रतिशत रहेको थियो ।

तर बागमती प्रदेशमा एक दशमलव १३ प्रतिशत, गण्डकी प्रदेशमा ३ दशमलव २२ प्रतिशत, कर्णाली प्रदेशमा १० दशमलव तीन प्रतिशतले उत्पादनमा ह्रास आएको थियो ।- प्रगति ढकाल/रासस


# जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

**Hot line number**
९८५४०२९३९५, ९७४८४५७४९०

**रामगोपालपुर-९ पर्सा देवाङ (महोत्तरी)**

**मधेस प्रदेश मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्वारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्वारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा उाँटीको रोग प्रत्येक महिनाको पहिलो हप्ता

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुविधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्वारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।

# समाज कल्याण ऐन ल्याउँदै मधेश सरकार

**खबर दर्पण समाचारदाता**
**साउन ९ गते, बर्दिवास**

मधेश प्रदेशका खेलकुद तथा समाज कल्याणमन्त्री प्रमोद जयसवालले विभिन्न क्षेत्रलाई व्यवस्थित गर्नका लागि प्रदेश सरकारले एकीकृत कानुनको रुपमा समाज कल्याण ऐन ल्याउन लागेको बताउनुभएको छ।

मधेश प्रदेशको खेलकुद तथा समाज कल्याण मन्त्रालयले लाइफ नेपालको सहयोगमा प्रदेश तहमा सामाजिक सुरक्षा नीतिको आवश्यकता सम्बन्धी जनकपुरधाममा गरेको छलफल कार्यक्रममा उहाँले यस्तो बताउनुभएको हो।

उहाँले प्रदेश सरकारले ल्याउन लागेको समाज कल्याण ऐनले सामाजिक सुरक्षा र सामाजिक संरक्षणका कुरालाई समेत समेट्ने भन्दै हामीले बनाउने कानुन माटो सुहाँउदो हुनुपर्नेमा जोड दिनुभयो।

उहाँले समाज कल्याण ऐन भित्र ज्येष्ठ नागरिक, अल्पसंख्यक समुदायसहित समाज भित्रका अन्य विषयवस्तुलाई समेत समेटिने गरी प्रदेश सरकारले ऐन ल्याउने तयारी गरिरहेको बताउनुभयो।

कार्यक्रममा उच्च स्तरीय शासकीय सुधार आयोगका सदस्य डा.दिपेश घिमिरेले नेपालमा तिनै तहका सरकारले कुनै न कुनै रुपमा समाजिक सुरक्षाको क्षेत्रमा काम गरि रहेको जानकारी दिनुभयो। ८७ किसिमका समाजिक सुरक्षाका कार्यक्रम नेपालमा संचालन गरिएको उहाँको भनाइ छ।

खेलकुद तथा समाज कल्याण मन्त्रालयका सचिव रंजित यादवको अध्यक्षतामा भएको सो कार्यक्रममा समाजिक सुरक्षा नागरिक समाजका अध्यक्ष तिलोतम पौडेल, लाइफ नेपालका अध्यक्ष सुरैत ठाकुर सहितले विपत मैत्री समाजिक सुरक्षाका विषय वस्तुको अझै पनि अभाव रहेकोले प्रदेशले नीति निमार्ण गर्नु पर्नेमा जोड दिनुभयो।

छलफल कार्यक्रम पश्चात समाजिक सुरक्षा नीति निमार्णका लागि खेलकुद तथा समाज कल्याण मन्त्रालयका सचिव यादवको नेतृत्वमा सात सदस्यीय समिति गठन गरिएको छ। समितिमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालय, गृह मन्त्रालय र अर्थ मन्त्रालयका प्रतिनिधि रहने व्यवस्था गरिएको छ।

# देश विकासको गतिमा अघि बढिरहेको छ : प्रधानमन्त्री ओली

**खबर दर्पण समाचारदाता**
**साउन ९ गते, बर्दिवास**



प्रधानमन्त्री केपी शर्मा ओलीले देश चौतर्फी रूपमा विकासको गतिमा अगाडि बढिरहेको बताउनुभएको छ । बाराको परवानीपुर गाउँपालिकाको नवनिर्मित भवनको उद्घाटन समारोहलाई सम्बोधन गर्दै उहाँले विगत १० वर्षमा मुलुकमा धेरै खालका विकास र पूर्वाधार निर्माणको काम भएको बताउनुभएको हो ।

“आज देश चौतर्फी रूपमा अगाडि बढिरहेको छ । पछिल्लो समय भवन, सडक, पुल लगायतका संरचना निर्माण द्रूत गतिमा भइरहेका छन्” उहाँले भन्नुभयो, “पछिल्लो समय मुलुक विद्युतीकरण, सञ्चार, कृषि पूर्वाधारका निम्ति तयार पारि एका सिँचाइ आयोजनाका पनि धेरै खालका पूर्वाधार तयार भइसकेका छन् । खानेपानीको आयोजनाको सन्दर्भमा मुलुकभर का जनताको घरदैलोमा धारा निर्माणका काम भइरहेका छन् । यसका अलवा र शिक्षा, स्वास्थ्य र अन्य विविध क्षेत्रसहित अनेक-अनेक क्षेत्रमा अभूतपूर्व गतिमा विकास निर्माणको काम भइरहेको छ ।”

प्रधानमन्त्री ओलीले पछिल्लो एक वर्षमा मुलुकमा सडक, पुल र भवन निर्माण चौतर्फी गतिमा भइरहेको दाबी गर्नुभयो । उहाँले भन्नुभयो, “केही दिनअघि मात्रै म हुम्ला गएर बेलीब्रिज राखेर हुम्लाको सदरमुकाम जोड्ने सडकको उद्घाटन गरेर आएँ । अब मुलुकको ७७ वटै सदर मुकाम सडक सञ्जालले जोडिसकेको छ ।” सरकारले विकास निर्माणसँग सम्बन्धित नीतिकै कारणले पछिल्लो समय विकास निर्माणमा धेरै फड्को मार्न सफल भएको उहाँले दाबी गर्नुभयो ।

“म पहिलो पटक प्रधानमन्त्री हुने वित्तिकै हुलाकी राजमार्गलाई तराई-मधेसको दक्षिण हुँदै मेची महाकाली पुग्न योजना अघि सारेको थिए । तर ,अहिले हुलाकी राजमार्ग लगभग निर्माण सम्पन्न भइसकेको छ”, उहाँले भन्नुभयो, “हुलाकी राजमार्गअन्तर्गत एक सयभन्दा धेरै राम्रा पुल बनेका छन् । बाटो पनि तयार पारेर यहाँका जनतालाई यातायातको सहज पहुँचको व्यवस्था भइसकेको छ ।”

प्रधानमन्त्री ओलीले हुलाकी राजमार्ग अन्तर्गत केही माटो परीक्षण र डिजाइनको त्रुटीको कारणले जनताले सास्ती भोग्नुपरेको गुनासो गर्नुभयो । उहाँले भन्नुभयो, “हुलाकी राजमार्गका केही पुल माटो परीक्षणको कारणले होस् यहाँ डिजाइनको त्रुटीको कारणले होस् केही ठाउँमा पुलमा समस्या देखिएको छ । जनकपुर र सिरहाको बिचमा पर्ने बनिसकेको पुल पनि भासिएको छ । यस्ता दुःखद कुराहरू केही ठाउँमा आएका छन् । यदि

*बाँकी पृष्ठ २ मा*


नियमित रुपमा स्वास्थ्य जाँच गरौं ।

नियमित स्वास्थ्य परीक्षण किन ?

- प्राणघातक रोगहरुको प्रारम्भिक अवस्थामा नै पहिचान गर्न,
- पहिचान भएका रोगको समयमा नै रोकथाम तथा उपचार गर्न,
- सम्भावित रोगको पुर्वानुमान गरी बच्न र बचाउन,
- दीर्घ रोगबाट बच्न,
- उपचार खर्च कम गर्न,

त्यसैले,

- स्वास्थ्य परीक्षण स्वास्थ्यमा गरिने लगानी हो,
- आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई नियमित रुपमा परीक्षण गराऔं,
- स्वस्थ्य र निरोगी बनौं ।

औरही नगरपालिका, महोत्तरी

लु बाट बच्ने उपायहरु






गौशाला नगरपालिका महोत्तरी

नसर्ने रोगबाट बच्ने उपाय ।

- धूमपान र मद्यपान नगरौं,
- दैनिक शारीरिक व्यायाम गरौं,
- मानसिक तनावबाट मुक्त रहौं,
- अस्वस्थकर खानपान र जीवनशैली नअपनाऔं,
- स्वस्थकर र सन्तुलित भोजन गरौं,
- नियमित स्वास्थ्य जाँच गरौं,

समयमै नसर्ने रोगको जाँच गराऔं, स्वस्थ र दीर्घ जीवन बाँचौं ।

रामगोपालपुर नगरपालिका
महोत्तरी


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,